# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७६) काठमाडौं, वैशाख १४ गते, २०८३ साल (अतिरिक्ताङ्क २


## भाग ५

### नेपाल सरकार

### प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयको

### सूचना

नेपाल सरकार, मन्त्रिपरिषद्‌ले सम्पत्ति छानबिन गर्न जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ बमोजिम मिति २०८३।०१।०२ मा गठन गरेको सम्पत्ति छानबिन आयोग २०८३ को कार्यसम्पादन शर्तमा देहाय बमोजिम संशोधन गर्ने गरी मिति २०८३।०१।१४ मा निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ :-

१. बुँदा नं. २ को,-

(क) खण्ड (क) को,-

(१) क्र.सं. (३) मा रहेको “निकायका” भन्ने शव्दको सट्टा “निकायबाट” भन्ने शव्द राखिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ

(२) क्र.सं. (४) मा रहेका "प्रदेश सरकारका मुख्यमन्त्री," भन्ने शव्दहरू पछि "मन्त्री," भन्ने शव्द थपिएको छ।

(३) क्र.सं. (५) पछि देहायको क्र.सं. (५क) थपिएको छ :-

"(५क) महान्यायाधिवक्ता र मुख्यन्यायाधिवक्ता,"

(४) क्र.सं. (९) मा रहेका "निजामती सेवा" भन्ने शव्दहरु पछि "संसद सेवा, स्वास्थ्य सेवा वा राष्ट्रिय मानवअधिकार सेवा," भन्ने शव्दहरु थपिएका छन्।

(५) क्र.सं. (१०) मा रहेका "संसद सेवा" भन्ने शव्दहरु पछि ", राष्ट्रिय मानव अधिकार सेवा" भन्ने शव्दहरु र "राजपत्राङ्कित द्वितीय श्रेणी" भन्ने शव्दहरू पछि "वा सो" भन्ने शव्दहरू थपिएका छन्।

(६) क्र.सं. (११) मा रहेका "राजपत्राङ्कित द्वितीय श्रेणी" भन्ने शव्दहरू पछि "वा सो सरह" भन्ने शव्दहरू थपिएका छन्।

(ख) खण्ड (ज) मा रहेको "जाँचबुझ" भन्ने शव्दको सट्टा "छानबिन" भन्ने शव्द राखिएको छ।

२. बुँदा नं. ३ को,-

(क) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छ :-

"(ङ) आयोगले आफ्नो कार्यक्षेत्रभित्र पर्ने व्यक्तिको सम्पत्ति छानबिनका क्रममा त्यस्ता व्यक्तिले गैरकानूनी रूपले आर्जन गरेको सम्पत्तिसम्बन्धी कुनै सूचना, जानकारी वा प्रमाण भए उपलव्ध गराउनका लागि तिस दिनको अवधि दिई सार्वजनिक सूचना प्रकाशन गर्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

सूचना दिने व्यक्तिले आफ्नो सम्पर्क तथा जानकारी खुलाउनु पर्नेछ। सूचना दिने व्यक्तिको पहिचान गोप्य राखिनेछ। कानूनबमोजिम बाहेक सूचना दिएको कुरा सार्वजनिक गरिने छैन।"

(ख) खण्ड (ञ) मा रहेको "जाँचबुझ" भन्ने शव्दको सट्टा "छानबिन" भन्ने शव्द राखिएको छ।

३. बुँदा नं. ५ को,-

(क) शीर्षकमा रहेको "जाँचबुझ" भन्ने शव्दको सट्टा "छानबिन" भन्ने शव्द राखिएको छ।

(ख) खण्ड (क) मा रहेको "जाँचबुझ" भन्ने शव्दको सट्टा "छानबिन" भन्ने शव्द राखिएको छ।

(ग) खण्ड (ख) मा रहेको "जाँचबुझको" भन्ने शव्दको सट्टा "छानबिनको" भन्ने शव्द राखिएको छ।

४. बुँदा नं. ६ को,-

(क) शीर्षकमा रहेको "जाँचबुझ" भन्ने शव्दको सट्टा "छानबिन" भन्ने शव्द राखिएको छ।

(ख) खण्ड (क) र (ख) को सट्टा देहायका (क) र (ख) राखिएका छन्:-

"(क) आयोगको अध्यक्षलाई नेपाल सरकारको राज्यमन्त्री सरहको पारिश्रमिक र सवारी साधन, इन्धन, सवारी चालक, सञ्चार सुविधा वा सवारी साधन, इन्धन, सवारी चालक, सञ्चार सुविधा वापत मासिक एकमुष्ठ साठी हजार रुपैयाँ उपलव्ध गराउने ।

(ख) आयोगको सदस्यलाई नेपाल सरकारको सहायक मन्त्री सरहको पारिश्रमिक र सवारी साधन, इन्धन, सवारी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

चालक, सञ्चार सुविधा वा सवारी साधन, इन्धन, सवारी चालक, सञ्चार सुविधा बापत मासिक एकमुष्ठ साठी हजार रुपैयाँ उपलब्ध गराउने ।"

५. बुँदा नं. १२ को ठाउँ ठाउँमा रहेको "जाँचबुझ" भन्ने शब्दको सट्टा "छानबिन" भन्ने शब्द राखिएको छ।

६. अनुसूचीको,-

(क) क्र.सं. ११ पछि देहायको ११क. थपिएको छ :-

| | | | | | |
|---|---|---|---|---|---|
| "११क. | लेखा अधिकृत | रा.प.तृतीय | नेपाल प्रशासन | लेखा | १" |

(ख) क्र. सं. १४ पछि देहायको १४क. थपिएको छ :-

| | | | | | |
|---|---|---|---|---|---|
| "१४क. | नायब सुब्बा | रा.प.अनं प्रथम | नेपाल न्याय | न्याय | ५" |

(ग) क्र. सं. १७ पछि कुल जम्मामा रहेको "३२" भन्ने अङ्कको सट्टा "३८" भन्ने अङ्क राखिएको छ।

आज्ञाले,
पुष्कर सापकोटा
नेपाल सरकारको सचिव ।



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-
गो.हु.व.नं. १६।२०६२।६३

प्रतिलिपिको मुद्रण विभागबाट प्रमाणित प्रतिलिपि मात्र लागु हुनेछ।